# गौरीशंकर गाउँपालिका
## Gaurishankar Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
सुरी, दोलखा ।, Suri, Dolakha.
बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal


गौरीशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, यूवा तथा खेलकुद शाखा सुरी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

पत्र संख्या/ Ref. No. :-०७७/७८
चलानी नं./Dispatch No.: मिति/ Date:-२०७७।८।२९

विषय : प्रस्ताव आह्वान सम्बन्धमा

श्री सामुदायिक विद्यालयहरु (सबै )
गौरीशंकर गाउँपालिका

प्रस्तुत बिषयमा नेपाल सरकारबाट यस पालिकालाई प्राप्त सशर्त बजेट अन्तर्गत निम्नानुसार शीर्षकमा अनुदान प्रदान गरिने भएकोले सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित यस पालिकाको शिक्षा यूवा तथा खेलकूद शाखामा छुट्टाछुट्टै प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ ।

कार्यक्रमहरु :

| क्र.स | शीर्षक | अनुदान रकम | संख्या | कसले प्रस्ताव पेस गर्ने |
|---|---|---|---|---|
| १ | WASH सुविधा भएको शौचालय निर्माण अनुदान | ७ लाख | ३ | मा.वि/आ.वि |
| २ | ICT LAB ( कम्प्युटर,इन्टरनेट,लगायत Kits खरिद अनुदान | ६ लाख ५० हजार | १ | मा.वि/आ.वि |
| ३ | माध्यामिक बिद्यालयमा पुस्तकालय स्थापना तथा ब्यबस्थापन | ६ लाख ५० हजार | १ | मा.वि |
| ४ | माध्यामिक बिद्यालयमा बिज्ञान प्रयोगशाला | ६ लाख ५० हजार | १ | मा.वि |
| ५ | उत्कृष्ट सिकाइ उपलब्धि भएका बिद्यालयलाइ सिकाइ सुदृढिकरणको लागि प्रोत्साहन अनुदान | २ लाख | १ | मा.वि |
| ६ | गणित अंग्रेजी र बिज्ञान बिषयलागि क्रियाकलापमा आधारित सामग्री kits अनुदान | ५० हजार | १ | आ.वि (६ – ८ ) |
| ७ | तोकिएको सुचांकको आधारमा कार्य सम्पादन गर्ने बिद्यालयलाइ कार्य सम्पादनमा आधारित अनुदान | ५० हजार | ४ | मा.वि/आ.वि |

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
सुरी, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२

## विद्यालय छनौटको आधार

**WASH सुविधा भएको शौचालय निर्माण अनुदान : -** कक्षागत औषत विद्यार्थी संख्या, बालबिकासमा भर्ना भएका विद्यार्थी संख्या, विद्यार्थीको सिकाई उपलब्धि,समायोजन भएका बिद्यालय,प्राबिधिक,ब्यबसायिक तथा विशेष शिक्षा चलेका बिद्यालय,दलित, मुश्लिम तथा अति सिमान्तकृत वर्गका विद्यार्थी भर्ना भएका बिद्यालय, छात्र शौचालय नभएका र भूकम्प बाढी पहिरो तथा विपतबाट क्षति भएका बिद्यालय आदिको को आधारमा

**ICT LAB ( कम्प्युटर,इन्टरनेट लगायत Kits खरिद अनुदान :** इन्टरनेटको पहुच र बिद्युतको नियमित आपूर्ति भएको, माध्यामिक बिद्यालयको गणित, बिज्ञान,अंग्रेजी र ऐच्छिक बिषयको रुपममा कम्प्युटर पढाई भएको र यस अघि यहि बमोजिमको अनुदान प्राप्त नगरेको बिद्यालय तथा ICT को माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरणसहितको प्रस्तावपत्रको आधार ।

**माध्यामिक बिद्यालयमा पुस्तकालय स्थापना तथा ब्यबस्थापन :** पुस्तकालय नभएका माधामिक बिद्यालय, विगतमा पुस्तकालय स्थापना तथा ब्यबस्थापन अनुदान प्राप्त नगरेका र माध्यमिक तहमा विद्यार्थी संख्या उच्च रहेको बिद्यालय, पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा भएको साथै स्थानीय तहका सबै माध्यामिक बिद्यालयले एक पटक अनुदान प्राप्त गरि सकेको भए कक्षा १-८ संचालन भएको जेष्ठ बिद्यालय ।

**माध्यमिक बिज्ञान प्रयोगशाला :** विज्ञान बिषय पढाई भएको, कक्षागत औषत विद्यार्थी संख्या, विद्यार्थीको सिकाई उपलब्धि, समायोजन भएका बिद्यालय ,प्राबिधिक धार संचालन भएको बिद्यालय तथा कक्षा १-८ संचालन भएको जेष्ठ बिद्यालय

**उत्कृष्ट सिकाइ उपलब्धि भएका बिद्यालयलाइ सिकाइ सुदृढिकरणको लागि प्रोत्साहन अनुदान :**
कक्षा ८ ,१० र १२ को परिक्षा नतिजा, शिक्षक उपस्थिति,विद्यार्थी संख्या र कक्षागत सिकाई उपलब्धि,कक्षा छाड्ने,दोहोर्याउने दर, बिद्यालय बाहिरका बालबालिकाको अवस्था, असल अभ्यासहरु

**गणित अंग्रेजी र बिज्ञान बिषयलागि क्रियाकलापमा आधारित सामग्री kits अनुदान :** विगतमा यस्ता अनुदान नपाएका आधारभूत विद्यालय

**तोकिएको सुचांकको आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाइ कार्य सम्पादनमा आधारित अनुदान :** विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन सूचक,शिक्षण सिकाइ समयमापन सम्बन्धि कार्यविधि लागू गरेको सुनिश्चितता गरेको आधार

Paudel
२०७६।८।२९
.........................
सन्तोष पौडेल
शिक्षा अधिकृत
सन्तोष पौडेल
शिक्षा अधिकृत

बोधार्थ :
श्री सूचना प्रबिधि शाखा,गौरीशंकर गाउँपालिका – वेवसाईटमा सूचना Upload गरिदिनु हुन ।